# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
# टंगाल, काठमाडौं

मिति: २०७९।०४।११ गते।

## प्रेस विज्ञप्ति

### विषय: आरोपपत्र दायर गरिएको।

मुगु जिल्लाको छायाँनाथ रारा नगरपालिका, वडा नं. १० स्थित तीनमुखेदेखि लुवाबान्नासम्म सिंचाई कुलो निर्माणको लागि कृषि विकास कार्यालय, मुगुबाट आ.व. २०७६/०७७ मा बजेट विनियोजन भएकोमा उपभोक्ता समिति र कृषि विकास कार्यालय, मुगुका कर्मचारीहरूसमेतको मिलेमतोमा अनियमितता गरेको भन्ने उजुरी निवेदन सम्बन्धमा अनुसन्धान हुँदा तीनमुखेदेखि लुवाबान्नासम्म सिंचाई कुलो निर्माणमा गैरकानुनी लाभ वा हानी पुऱ्याई देहायका ब्यक्तिहरुले देहायबमोजिम कसुर गरेकोले निजहरुलाई देहायबमोजिम सजायको मागदाबी लिई अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा १८ र ३५ बमोजिम आज विशेष अदालत, काठमाडौंमा आरोप-पत्र दायर गरिएको छ।

देहाय:-

(क) **कृषि बिकास कार्यालय मुगुका तत्कालीन निमित्त कार्यालय प्रमुख पंचलाल बुढा र सब-इन्जिनियर राजेन्द्र शाही**ले मुगु जिल्लाको छायाँनाथ रारा नगरपालिका वडा नं. १० स्थित तीनमुखेदेखि लुवाबान्ना कृषि सिंचाई आयोजनाको यथार्थ नापजाँच गरी कार्य मूल्याङ्कन गर्नुको सट्टा सो नगरी नापी किताव, कार्यसम्पन्न प्रतिवेदन तयार गर्ने, इस्टिमेट अनुसारको सबै काम भईसकेको भनी नापी किताव, कार्यसम्पन्न प्रतिवेदन स्वीकृति गरी रु.२३,१०,५९६।१७ उपभोक्ता समितिलाई बढी भुक्तानी दिई उपभोक्ता समितिको अध्यक्ष बखत बहादुर सेजुवाल, सचिव लाल बहादुर सेजुवाल, कोषाध्यक्ष उजेली नेपाली र सहसचिव सुरेश वुढासँग मिलेमतो गरी आफुलाई गैरकानूनी लाभ पुऱ्याई नेपाल सरकारलाई गैरकानूनी हानिनोक्सानी पुऱ्याउने कार्य गरी निजहरु पंचलाल बुढा र राजेन्द्र शाहीले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) को देहाय (ङ) बमोजिमको कसुर गरेकोले निजहरु पंचलाल वुढा र राजेन्द्र शाहीलाई रु.२३,१०,५९६।१७ (तेईस लाख दश हजार पाँच सय छयानब्वे रुपैयाँ सत्र पैसा) बिगो कायम गरी ऐ. ऐनको दफा ८ को उपदफा (१) ले व्यबस्था गरेबमोजिम कैद तथा जरिवानाको सजाय र उक्त बिगो असुलउपर गर्न मागदाबी लिइएको छ ।

(ख) **कृषि बिकास कार्यालय, मुगुका तत्कालीन ना.प्रा.स. मणिचन्द्र बि.क.,जिल्ला समन्वय समिति मुगका तत्कालीन खरिदार बिश्वास उपाध्याय**ले तीनमुखेदेखि लुवाबान्ना कृषि सिंचाई आयोजनाको यथार्थ नापजाँच गरी स्थलगत अनुगमन प्रतिवेदन पेश गर्नुपर्नेमा यथार्थ कार्य मूल्याङ्कनभन्दा बिपरीत कृषि सिंचाई आयोजनाको सम्झौता अनुसारको काम भएको पाइयो भनी भए गरेको कुरा लुकाईछिपाई बद्नियत राखी तीनमुखेदेखि लुवाबान्ना कृषि सिंचाई आयोजना उपभोक्ता समितिका पदाधिकारीहरुसँग मिलेमतो गरी गलत प्रतिवेदन दिएको कार्य भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १९ को उपदफा (२) बमोजिम कसुर भएकोले निजहरु मणिचन्द्र वि.क. र बिश्वास उपाध्यायलाई ऐ.ऐनको दफा १९ को उपदफा (२) बमोजिमको सजायको मागदावी लिइएको छ ।

(ग) **तीनमुखेदेखि लुवाबान्ना कृषि सिंचाई आयोजना उपभोक्ता समितिका अध्यक्ष बखत बहादुर सेजुवाल, सचिव लाल बहादुर सेजुवाल, कोषाध्यक्ष उजेली नेपाली र सह-सचिव सुरेश वुढा**ले कृषि विकास कार्यालय, मुगुसँग गरेको सम्झौता र सो अनुसारको इस्टिमेट बमोजिमको काम नगरी स्थलगत नाँपजाँच र प्राविधिक प्रतिवेदन अनुसार मूल्याङ्कन हुँदा यथार्थ कार्य मूल्याङ्कनभन्दा रु.२३,१०,५९६।१७ बढी भुक्तानी लिई आफुहरुलाई गैरकानूनी लाभ र नेपाल सरकारलाई गैरकानूनी हानिनोक्सानी पुऱ्याई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (४) बमोजिम कसुर गरेकोले निजहरु बखत बहादुर सेजुवाल, लाल बहादुर सजुवाल, उजेली नेपाली र सुरेश वुढालाई रु.२३,१०,५९६।१७ (अक्षेरुपी तेईस लाख दश हजार पाँच सय छयानव्वे रुपैयाँ सत्र पैसा) बिगो कायम गरी ऐ.ऐनको दफा ८ को उपदफा (४) बमोजिमको कैद तथा जरिवानाको सजाय गरी र उक्त बिगोसमेत जफत गर्न मागदाबी लिइएको छ ।

(घ) **छाँयानाथ रारा नगरपालिका वडा नं. १० का तत्कालीन वडा अध्यक्ष धर्मदत्त सावत**ले तीनमुखेदेखि लुवाबान्ना कृषि सिंचाई आयोजनाको तीनमुखेदेखि लुवाबान्ना कृषि सिंचाई उपभोक्ता समितिमार्फत भएको कृषि सिंचाई आयोजनाको इस्टिमेट अनुसारको कार्यसम्पन्न भएको छ/छैन भन्ने जानकारी नलिई हचुवाको भरमा उपभोक्ता समितिका पधाधिकारीहरु सँगको मिलेमतोमा योजनाको काम सम्पन्न भएको भनी भुक्तानी दिन सिफारिस गरी सो सिफारिससमेतको आधारमा उक्त योजनाको यथार्थ कार्य मूल्याङ्कनभन्दा रु.२३,१०,५९६।१७ बढी उपभोक्ता समितिलाई भुक्तानी गर्ने कार्यमा मतियार भई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २२ को प्रतिबन्धात्मक बाक्यांश बमोजिमको कसुर गरी आफूलाई गैरकानूनी लाभ र नेपाल सरकारलाई गैरकानूनी हानिनोक्सानी पुऱ्याउने छाँयानाथ रारा नगरपालिका वडा नं. १० को तत्कालीन वडा अध्यक्ष धर्मदत्त सावतलाई रु.२३,१०,५९६।१७ (अक्षेरुपी तेईस लाख दश हजार पाँचसय छयानव्वे रुपैयाँ सत्र पैसा) बिगो कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) ले हुने सजायमा ऐ. ऐनको दफा २२ प्रतिबन्धात्मक बाक्याशं बमोजिम कैद तथा जरिवानाको सजाय हुन मागदावी लिइएको छ ।

प्रवक्ता
श्याम प्रसाद भण्डारी